नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
**वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र**
..................महाशाखा
पोष्ट बक्स नं ३३३९ बबरमहल काठमाण्डौ नेपाल

महा निर्देशक : ४२३३५१०
उपमहा निर्देशक : ४२२४९४३
प्रशासन शाखा : ४२५६४६९
आर्थिक प्रशासन शाखा : ४२२७८९१
फ्याक्स : ४२२०१५९
रिसेप्सन : ४२२०४८२, ४२६९४९१

पत्र संख्या:-०७५।७६
चलानी नं:- ८२

मिति :- २०७५।०५।०५

**विषय : विश्व सरसफाई दिवस २०१८**

**श्री सम्पूर्ण सरकारी, गैरसरकारी, सामुदायिक तथा निजी संघसंस्थाहरु एवं आम नागरिकहरु**

**नेपाल स्वच्छ वातावरण महाअभियान २०७५** अन्तर्गत यस वर्षको **विश्व सरसफाई दिवस २०१८** (15 September 2018, तदानुसार भाद्र ३०, २०७५) तपसिलका साप्ताहिक क्रियाकलापहरु सहित मनाउने कार्यक्रम रहेकोले स्थानीय स्तरमा सो बमोजिमका कार्यक्रमहरु संचालन गरी वा उक्त कार्यक्रमहरुमा सहभागी भई महाअभियानलाई सफल पार्न हार्दिक अपिल गर्दछु ।

डा. दिपककुमार खराल
महानिर्देशक

**तपसिल**

| दिन | मिति | कार्यक्रम | क्रियाकलापहरु |
|---|---|---|---|
| पहिलो दिन | २०७५।०५।२४ | घर सफाई दिवस | नेपालभरीका हरेक नागरिक सहभागी भई आ–आफ्नो घर प्राङ्गणमा विशेष सरसफाई गर्ने । |
| दोस्रो दिन | २०७५।०५।२५ | शैक्षिक संस्थासफाई दिवस | नेपालभरीका सबै शैक्षिक संस्था (सार्वजनिक तथा निजी) हरुमा व्यवस्थापन समिति, शिक्षक, विद्यार्थी तथा अविभावकहरुको सहभागितामा विशेष सरसफाई गर्ने । |
| तेस्रो दिन | २०७५।०५।२६ | सार्वजनिक संस्था तथा पार्क सफाई दिवस | नेपालभरीका सबै सार्वजनिक संस्था तथा पार्कहरुमा विशेष सरसफाई गर्ने । |
| चौथो दिन | २०७५।०५।२७ | धार्मिक स्थल सफाई दिवस | नेपालभरीका मठ मन्दिर, गुम्बा, मस्जिद, चर्च लगायत सबै धार्मिक स्थलहरुमा तत् तत् स्थलका व्यवस्थापन समितिको अगुवाईमा स्थानीय जनताहरुको सहभागितामा विशेष सरसफाई गर्ने । |
| पाँचौ दिन | २०७५।०५।२८ | नदीनाला तथा जलाशय सफाई दिवस | नेपालभरीका सबै साना ठूला खोला, खोल्सी, नदीनाला तथा जलाशयहरुमा स्थानीय जनताहरुको सहभागितामा विशेष रुपमा सरसफाई गर्ने । |
| छैटौं दिन | २०७५।०५।२९ | सडक सफाई दिवस | नेपालभरीका सबै सडक तथा बाटोघाटोहरु स्थानीय जनताहरुको सहभागितामा विशेष रुपमा सरसफाई गर्ने । |
| सातौं दिन | २०७५।०५।३० | बृहत सरसफाई दिवस | नेपालभरीका सबै स्थानीय तहरुका केहि निश्चित स्थानहरुमा केन्द्रित रही सरसफाइसंग सम्बन्धित विशिष्ट कार्यक्रम संचालन गर्ने । |